चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः १२ मितिः २०७९/०७/०४

भाग–२

चन्द्रागिरि नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरकार्यपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## सम्वत् २०७९ सालको कार्यविधि नं. ९
## सामुदायिक विद्यालयहरुको नगरस्तरमा परीक्षा सञ्चालन, व्यवस्थापन तथा प्रमाणीकरण कार्यविधि, २०७९

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११को उपदफा (२) को "ज" को उपखण्ड (१४) बमोजिम, राष्ट्रिय परीक्षा बोर्डको मापदण्ड र चन्द्रागिरि नगर शिक्षा ऐन, २०७५ को कार्यान्वयनका लागि सामुदायिक विद्यालयहरूको नगरपालिका स्तरमा परीक्षाको सञ्चालन, व्यवस्थापन, स्तरीयता, प्रमाणीकरण र एकरुपता कायम गर्न वाञ्छनीय भएकोले चन्द्रागिरि नगर शिक्षा ऐनले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "सामुदायिक विद्यालयहरूको नगरस्तरमा परीक्षा सञ्चालन, व्यवस्थापन तथा प्रमाणीकरण कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"परीक्षा"** भन्नाले सामुदायिक विद्यालयहरूमा सञ्चालन हुने त्रैमासिक, अर्धवार्षिक, वार्षिक र कक्षा १०, ११ र १२ को प्रि-बोर्ड परीक्षासमेतलाई सम्झनु पर्छ ।

(ख) **"परीक्षा समिति"** भन्नाले दफा ३ बमोजिमको परीक्षा समिति सम्झनु पर्छ ।

(ग) **"स्थानीय तह"** भन्नाले चन्द्रागिरि नगरपालिकालाई सम्झनु पर्छ ।

(घ) **"नगर शिक्षा प्रमुख"** भन्नाले स्थानीय तहको शिक्षा हेर्ने शाखाको प्रमुख सम्झनु पर्छ ।

(ङ) **"सामुदायिक विद्यालय"** भन्नाले चन्द्रागिरि नगर शिक्षा ऐन, २०७५ ले परिभाषित गरे बमोजिमको विद्यालय सम्झनु पर्दछ ।

(च) **"सामाजिक समिति"** भन्नाले चन्द्रागिरि नगरपालिकाको विषयगत सामाजिक विकास समिति बुझ्नुपर्छ ।



## परिच्छेद - २
## परीक्षा समितिसम्बन्धी व्यवस्था

३. **परीक्षा समिति:** (१) माध्यमिक तह (१-१२) सम्मको त्रैमासिक, अर्धवार्षिक, वार्षिक तथा कक्षा १०, ११ र १२ को प्रि- बोर्ड परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापनसम्बन्धि जिम्मेवारी सम्हाल्ने गरी देहाय बमोजिम सामुदायिक विद्यालयहरूको नगरपालिका स्तरमा परीक्षा समिति गठन गरिने छ ।

(क) नगर शिक्षा प्रमुख - अध्यक्ष/संयोजक

(ख) नगरपालिका भित्रका सामुदायिक आधारभुत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट प्र.अ.हरूको बैठकले तोकेका एक जना - सदस्य

(ग) नगरपालिका भित्रका सामुदायिक विद्यालयका महिला प्रधानाध्यापकहरूमध्येबाट प्र.अ.हरूको बैठकले तोकेको एक जना - सदस्य

(घ) नगरपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट प्र.अ.हरूको बैठकले तोकेको ३ जना - सदस्य

(ङ) नगरपालिकाको शिक्षा हेर्ने अधिकृत कर्मचारी - सदस्य सचिव

(२) मनोनित सदस्यहरूको पदावधि एक वर्षको हुनेछ। मनोनित सदस्यहरूले परीक्षाको मर्यादा एवं आचरण विपरित कार्य गरेको देखिएमा जुनसुकै समयमा सदस्य पदबाट हटाउन सकिनेछ ।

(३) परीक्षा समितिले सम्बन्धित विषयका विशेषज्ञलाई परीक्षा समितिको बैठकमा आवश्यकता अनुसार भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. **परीक्षा समितिको काम, कर्तव्य र अधिकारः** (१) परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयस्तरीय पाठ्यक्रम र परीक्षासम्बन्धी राष्ट्रिय नीतिको अधीनमा रही परीक्षासम्बन्धी नीति निर्माण गर्ने,

(ख) विद्यालय संख्या, विद्यार्थी संख्याका आधारमा परीक्षा केन्द्रसमेत निर्धारण गर्नुपर्ने भएमा आवश्यक व्यवस्थापन गर्ने, गराउने,

(ग) परीक्षा सञ्चालन, व्यवस्थापन, र नियमन गर्ने, गराउने,

(घ) परीक्षाको बैधता, विश्वसनीयता र गोपनियता कायम रहने गरी प्रश्नपत्र निर्माण, छपाई तथा वितरण गर्ने, गराउने,

(ङ) शान्तिपूर्ण र मर्यादित रुपले परीक्षा सञ्चालन गर्ने, गराउने,

(च) परीक्षामा संलग्न जनशक्ति तथा परीक्षार्थीहरूका लागि परीक्षा आचार संहिता बनाई कार्यान्वयन गर्ने, गराउने,

(छ) परीक्षाको मर्यादा विपरित काम गर्ने शिक्षक, कर्मचारी लगायत संलग्न व्यक्तिलाई आवश्यक कारवाहीका लागि लेखी पठाउने,

(ज) निष्पक्ष र विश्वसनीय तरिकाबाट उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण र पुनर्योगको व्यवस्था गर्ने, गराउने,

(झ) विपत् र विपत्जन्य कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्ने तथा परीक्षाफल प्रकाशन गर्ने काममा कुनै बाधा परेमा तुरुन्त आवश्यक निर्णय लिने,

(ञ) परीक्षाफल प्रकाशन गर्ने र प्रमाणपत्र वितरण गर्ने,

(ट) परीक्षासम्बन्धी सम्पुर्ण अभिलेखहरू व्यवस्थित रुपमा अद्यावधिक गराउने र अभिलेखको सुरक्षाको आवश्यक व्यवस्था गर्ने,

(ठ) परीक्षार्थीको परीक्षा आवेदन फारम भराउने र सोको अभिलेख राख्ने,



(ड) पाठ्यक्रमले निर्धारण गरेबमोजिम प्रयोगात्मक परीक्षा व्यवस्थापन गर्ने, गराउने,

(ढ) परीक्षाफल विश्लेषण गरी गराई नतिजा सुधारका थप उपायहरू सुझावको रुपमा सम्बन्धित निकायमा पठाउने,

(ण) परीक्षाका उत्तरपुस्तिकाहरू नतिजा प्रकाशन भएको छ महिनापछि धुल्याउने व्यवस्थापन गर्ने, गराउने,

(त) परीक्षाको गोपनीयता कायम गर्ने, गराउने,

(द) परीक्षासम्बन्धी आवश्यक अन्य कार्यहरू गर्ने, गराउने ।

(२) परीक्षा समितिको बैठक र सेवा सुविधासम्बन्धी शर्तहरू प्रचलित कानुनको अधिनमा रही समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) परीक्षा समितिले आफुलाई प्राप्त अधिकारमध्ये केही अधिकार उपसमिति वा कार्यटोली गठन गरी सो उपसमिति कार्यटोली वा कुनै अधिकारीलाई जिम्मा दिन सक्नेछ ।

## परिच्छेद - ३

## प्रश्नपत्र निर्माण, परिमार्जन, छपाई र वितरण

५. **विषय विज्ञको सूची अद्यावधिक गर्नेः** (१) विषयगत प्रश्नपत्र बैंक तयार गर्नका लागि परीक्षा समितिले स्थानीय तह अन्तर्गतका विद्यालयका शिक्षकहरूमध्येबाट सम्बन्धित विषयका विज्ञहरूको सूची तयार गरी समय समयमा अद्यावधिक गर्नु पर्नेछ ।

(२) स्थानीय तह क्षेत्रभित्र विज्ञ उपलब्ध हुन नसकेमा अन्य स्थानीय तहका विज्ञलाईसमेत प्रश्न निर्माणमा लगाउन सकिनेछ ।

६. **प्रश्नपत्र निर्माण तथा परिमार्जन गर्नेः** (१) परीक्षा समितिले विज्ञहरूलाई विषयगत प्रश्नपत्रहरू निर्माण गर्न लगाउने छ ।

(२) प्रश्नपत्र निर्माणकर्ताले प्रश्नपत्रसँगै उत्तरकुञ्जिका पनि तयार गर्नु पर्नेछ ।

(३) परीक्षा समितिले प्रश्नपत्रको स्तरीयता र समसामयिक सुधारका लागि प्रश्नपत्र निर्माण तथा परिमार्जन र मोडरेशनका लागि उपसमिति गठन गर्न सक्नेछ ।

(४) प्रश्नपत्र निर्माण तथा परिमार्जन उपसमितिमा रहने शिक्षक न्यूनतम शैक्षिक योग्यता हासिल गरी उपलब्ध भएसम्म सम्बन्धित तहमा कम्तीमा पाँच वर्षको शिक्षण अनुभव भएका हुनु पर्नेछ ।

(५) पाठ्यक्रमको विशिष्टीकरण तालिका अनुरुप सुनिश्चित गरी प्रश्नपत्रलाई अन्तिम रुप प्रदान गर्नु पर्नेछ ।

७. **प्रश्न बैंकसम्बन्धी व्यवस्थाः** (१) प्रत्येक विषयमा पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित हुने गरी विषय विज्ञद्वारा तर्जुमा गरिएका प्रश्नहरूलाई परिमार्जन तथा संशोधन गरी प्रश्न बैंक खडा गर्नुपर्नेछ ।

(२) पाठ्यक्रमको परिमार्जनसँगै प्रश्न बैंकको प्रश्नहरूलाई अद्यावधिक गर्नु पर्नेछ ।

(३) प्रश्न बैंकबाट प्रश्नपत्रहरू तयार गरी परीक्षा सञ्चालन गर्नु पर्नेछ । तर, प्रश्न बैंक तयार नहुँदासम्म विज्ञहरूबाट प्रश्नपत्र तयार गरी परीक्षा सञ्चालन गर्न सकिनेछ ।

८. **प्रश्नपत्र छपाई तथा वितरणः** (१) दफा ७ को उपदफा (३) बमोजिम तयार भएका प्रश्नपत्रलाई परीक्षा समितिले आवश्यक संख्यामा छपाई गरी समयमा परीक्षा केन्द्रमा उपलब्ध गराउनु पर्नेछ ।

(२) परीक्षा केन्द्रमा प्रश्नपत्रको सुरक्षा र गोपनीयता कायम गर्ने जिम्मेवारी केन्द्राध्यक्षको हुनेछ ।



## परिच्छेद - ४

## परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था

९. **परीक्षा आवेदन फारम भर्नेः** (१) कक्षा १०, ११ र १२ का प्रि बोर्ड परीक्षा सञ्चालन गर्नुपर्ने अवस्थामा परीक्षा समितिले निर्दिष्ट गरेको ढाँचामा परीक्षा आवेदन फाराम भर्नुपर्नेछ । अन्य कक्षाहरूको हकमा परीक्षा समितिले विद्यालयलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले फारम भराई परीक्षा सञ्चालन गर्ने अवस्थामा परीक्षा समितिले परीक्षा आवेदन रीतपूर्वक भए नभएको हेरी परीक्षार्थीलाई प्रवेश पत्र दिनुपर्नेछ । अन्य अवस्थामा प्रवेश पत्र (Admit Card) व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित विद्यालयको हुनेछ ।

१०. **परीक्षार्थीको किसिमः**

(क) नियमित परीक्षार्थी

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि -

(१) "नियमित परीक्षार्थी" भन्नाले चन्द्रागिरि नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा भर्ना भई नियमित रुपमा अध्ययन गर्ने विद्यार्थी र यस नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूको त्रैमासिक, अर्धवार्षिक, वार्षिक तथा प्रिवोर्ड (Pre – Board) परीक्षामा सम्मिलित हुने विद्यार्थी सम्झनु पर्दछ ।

११. **प्रवेशपत्र बिना परीक्षा दिन नपाउनेः** (१) कक्षा १०, ११ र १२ का प्रिवोर्ड परीक्षामा परीक्षा समितिले जारी गरेको परीक्षा प्रवेशपत्र बिना कुनै पनि परीक्षार्थीहरूले परीक्षा दिन पाउने छैन । अन्य अवस्था तथा कक्षाहरूको हकमा विद्यालयले आन्तरिक रुपमा प्रवेश पत्रको व्यवस्था गर्न सक्नेछ ।

१२. **परीक्षा सञ्चालनः** (१) पाठ्यक्रमले निर्धारण गरेको विषयवस्तुको पठनपाठन सुनिश्चित हुने गरी परीक्षा समितिले प्रदान गरेको कार्यतालिका, पाठ्यक्रमको कार्यभार र पाठ्यसूची बमोजिम समय र तालिका तोकी परीक्षा सञ्चालन गर्नुपर्नेछ। परीक्षा सञ्चालन गर्दा यथासम्भव पालिकाभित्रका सबै विद्यालयहरूमा एकै सिफ्टमा र सम्भव नभएको अवस्थामा प्रश्नपत्रको गोपनियता कायम रहने गरी दुई सिफ्टमा परीक्षा सञ्चालन गर्न सकिने छ ।

(२) परीक्षा समितिले मर्यादित र व्यवस्थित रुपमा आफ्नो स्थानीय तहभित्र परीक्षा सञ्चालन तथा व्यवस्थापनको भरपर्दो व्यवस्था मिलाउनुपर्नेछ ।

१३. **परीक्षाको माध्यम भाषाः** परीक्षा समितिले सञ्चालन गर्ने परीक्षामा भाषागत विषयबाहेक अन्य सम्पूर्ण विषयको परीक्षाको माध्यम शिक्षण गर्दाको माध्यम भाषा हुन सक्नेछ ।

## परिच्छेद -५
## नतिजा प्रकाशन तथा प्रमाणपत्र वितरण

१४. **नतिजा प्रकाशन र प्रमाणपत्र वितरणः** (१) प्रत्येक विद्यालयका प्रधानाध्यापकले विषयगत शिक्षकबाट उत्तरपुस्तिका परीक्षण र सम्परीक्षणको कार्य परीक्षा समितिले निर्देशन गरेबमोजिम गराउनुपर्नेछ ।

स्पष्टिकरणः परीक्षा केन्द्र नै तय गरी सञ्चालन गरिने कक्षा १०, ११ र १२ का आन्तरिक परीक्षा र प्रि-वोर्ड परीक्षाका उत्तरपुस्तिका परीक्षण र सम्परीक्षण परीक्षा समिति मातहतमा हुनेछ ।

(२) परीक्षण तथा सम्परीक्षणमा विश्वसनीयता र एकरुपता कायम गर्न उत्तर कुञ्जिका (Marking scheme) निर्माण गरी प्रयोगमा ल्याउनुपर्नेछ ।

(३) विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७८ बमोजिम परीक्षाफल प्रकाशन गर्ने, ग्रेडसिट वितरण गर्ने, नतिजा प्रमाणीकरण गर्ने अधिकार समितिको निर्देशनमा सम्बन्धित विद्यालयको हुनेछ ।



१५. **प्रमाणपत्र/ग्रेड सिट दिनुपर्नेः** परीक्षा समितिले परीक्षा केन्द्र तोकी लिएको परीक्षामा सम्बन्धित केन्द्रबाट सबै विषयमा D+ वा सोभन्दा बढी ग्रेड प्राप्त गरेमा परीक्षा समितिबाट तोकिएको ढाँचा बमोजिमको ग्रेडसिट प्रदान गर्नुपर्नेछ । अन्य अवस्थामा सम्बन्धित विद्यालय स्वयंमले निर्माण गरेको ढाँचा अनुरुप ग्रेड सिट प्रत्येक त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक परीक्षाको नतिजा प्रकाशन पश्चात सात दिनभित्र प्रदान गर्नुपर्नेछ र स्थानान्तरण भई अन्यत्र जाने विद्यार्थीहरूको हकमा सम्बन्धित विद्यालयले तयार पारेको स्थानान्तरण प्रमाणपत्र दिनु पर्नेछ ।

## परिच्छेद -६
## परीक्षा अनुगमन तथा निर्देशन समितिको व्यवस्था

१६. **परीक्षा अनुगमन तथा निर्देशन समितिः** (१) यस कार्यविधि बमोजिमको परीक्षाको समग्र पक्षमा अनुगमन, निरीक्षण गर्न र परीक्षा समितिलाई सल्लाह तथा निर्देशन दिन देहायबमोजिमको एक परीक्षा अनुगमन तथा निर्देशन समिति रहने छः

(क) अध्यक्षः नगर प्रमुख

(ख) सदस्यः नगर उपप्रमुख

(ग) सदस्यः प्रमुख प्रशासकीय अधिकृत

(घ) सदस्यः संयोजक, सामाजिक विकास समिति

(ङ) सदस्यसचिवः शिक्षा शाखा प्रमुख

(२) समितिले आवश्यकता अनुसार अन्य व्यक्ति तथा कर्मचारीहरूलाई अनुगमनका लागि परिचालन गर्नेछ ।

(३) समितिले बैठकसम्बन्धी कार्यविधि आफै निर्धारण गर्नेछ ।

## परिच्छेद -७
## विविध

**१७. विशेष परिस्थितिमा परीक्षा सञ्चालनः** (१) परीक्षा समितिले विपद् र विपद्जन्य कारणबाट कुनै परीक्षा केन्द्रमा परीक्षा सञ्चालन हुने अवस्था नदेखेमा परीक्षा स्थगित वा रद्द गरी पुनः परीक्षा लिन सक्नेछ ।

**१८. असमर्थ परीक्षार्थी सम्बन्धी व्यवस्थाः** (१) दृष्टिविहीन वा हातले लेख्न असमर्थ परीक्षार्थीले तल्लो कक्षासम्म अध्ययन गरेको एक जना सहयोगी राख्न परीक्षा समितिले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परीक्षार्थीको लागि केन्द्राध्यक्षले छुट्टै परीक्षा कोठाको व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको परीक्षार्थीलाई निर्धारित समय अपुग हुने देखिएमा केन्द्राध्यक्षले अपाङ्गताको प्रकृति हेरी बढीमा थप एक घण्टा समय उपलब्ध गराउन सक्नेछ ।

**१९. ग्रेड वृद्धि परीक्षाः** (१) वार्षिक परीक्षामा D+ भन्दा कम ग्रेड प्राप्त गरेका विषयहरूमा सम्बन्धित परीक्षार्थीले ग्रेड वृद्धि गर्न चाहेमा निरन्तर विद्यार्थी मूल्यांकन लागु नभएका कक्षामा परीक्षा समितिको अनुमति तथा निर्देशनमा प्र.अ. ले ग्रेड वृद्धि परीक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) ग्रेड वृद्धि परीक्षा पहिलो नतिजा प्रकाशन भएको पन्ध्र दिनभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

(३) ग्रेड वृद्धि परीक्षासम्बन्धि अन्य व्यवस्था परीक्षा समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

**२०. प्रयोगात्मक परीक्षासम्बन्धि व्यवस्थाः** (१) प्रयोगात्मक परीक्षाको लागि भार छुट्याईएका विषयहरूमा सम्बन्धित विषयको पाठ्यक्रम अनुरुप हुने गरी



प्रयोगात्मक परीक्षा भए, नभएको र त्यस्तो परीक्षाका आधारमा मूल्यांकन गरे नगरेको सम्बन्धमा परीक्षा समितिको निर्देशनबमोजिम सम्बन्धित विद्यालयको प्र.अ ले छानविन गरी आवश्यक कार्वाही गर्न सक्नेछ ।

**२१. बाझिएमा अमान्य हुनेः** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

**२२. व्याख्या तथा संशोधनः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै प्रश्न उठेमा वा समय, सम्भाव्यता र आवश्यकता अनुकूल कुनै संशोधन गर्नुपरेमा सामाजिक समितिको सिफारिसमा नगर कार्यपालिकाले व्याख्या र संशोधन गरेबमोजिम कार्यान्वयन गरिनेछ ।

प्रमाणिकरणः २०७९ कार्तिक ०४ गते

मूल्य रू. १०/-

आज्ञाले

जीवन प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत